☎ ०४४-५५०६७५
# बर्दिबास नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बर्दिवास , महोत्तरी
२०७४

पत्र संख्या :- ०७४।७५
च.नं.:-

मिति: २०७५/०१/०४

विषय: बहाल कर तथा व्यावसाय कर सम्बन्धमा ।

श्री ......................................

............................

उपर्युक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम नगरपालिका क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड(छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा कुनै व्यक्ति वा संस्थाले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा नगरपालिकाले बहाल कर लगाउने व्यवस्था गरेको छ । यसै अनुरूप बर्दिवास नगरपालिकाको नगरसभाले बहाल रकमको २ प्रतिशत रकम बहाल कर उठाउने निर्णय भएको सन्दर्भमा सम्बन्धित कार्यालय/व्यावसाय ले घरभाडामा लिई बसेको भएमा घरभाडा सम्झौता अनुसारको रकम घरधनीलाई भुक्तानी गर्दा २ प्रतिशतले हुन आउने रकम कट्टा गरी यस बर्दिवास नगरपालिका कार्यालयको सञ्चित कोष हि.नं.१००६३०११४९१२८०३२ मा वा यस नगरपालिकाको राजश्व इकाई मा नगदै जम्मा गर्नुहुन अनुरोध छ । र यसको जानकारी नगरपालिकाको आर्थिक प्रशासन शाखामा गराउनुहुन अनुरोध गरिन्छ , साथै नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ ले गरेको व्यवस्था अनुसार व्यावसाय कर लगाउने व्यवस्था गरेको छ , यस सन्दर्भमा नगरसभाले पारित गरेका व्यावसायका दर अनुसार आफ्नो व्यावसायको कर समयमै नगरपालिका कार्यलयमा बुझाउनु हुन अनुरोध छ । समयमै कर नबुझाए प्रचलित कानुन अनुसार हुने व्यहोरा अनुरोध छ ।

०७५।०१।०४

नि. प्रमुख प्रशासकिय अधिकृत